# माध्यमिक तहमा लेखन कला अभिव्यक्तिका कार्यकलापको उपयोग

**सहप्रा.डा. कुश्मिला आचार्य**
नेपाली शिक्षा, त्रिवि, कीर्तिपुर
इमेल :acharyakushmila@gmail.com

## *लेखसार*

*प्रस्तुत लेख माध्यमिक तहमा लेखन कला अभिव्यक्तिका कार्यकलापको उपयोगसँग सम्बन्धित छ । विद्यार्थीहरुमा सुनाइ, बोलाइ, पढाइपछि लेखाइ सिपको विकास गराउनु भाषा शिक्षणको प्रमुख उद्देश्य हो । प्रस्तुत लेखको प्रमुख उद्देश्य लेखन कलाका प्रकारको उल्लेख गर्दै माध्यमिक तहका विद्यार्थीहरुमा लेखन कला विकासका लागि गरिने कार्यकलापहरुको उपयोगका समीक्षात्मक विश्लेषण गर्नु रहेको छ । लेखनका प्रकारलाई निर्देशित लेखन, नियन्त्रित लेखन, व्यावहारिक लेखन, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखन र प्राज्ञिक लेखनमा विभाजन गरेर विश्लेषण गरिएको छ । लेखाइ सिप विकासको प्रारम्भिक कार्यकलापमा हस्त लेखन, अनु लेखन, श्रुति लेखन, प्रश्नोत्तर लेखन, वस्तु तथा चित्र वर्णन, अनुभव, घटना तथा यात्रा वर्णन, चिठी लेखन, निवेदन लेखन, दैनिकी लेखन, भाव विस्तार तथा व्याख्या र सप्रसङ्ग व्याख्याको समीक्षा गरिएको छ भने उत्तरवर्ती कर्याकलाप अन्तर्गत बुँदा टिपोट, सारांश/सङ्क्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद लेखन, टिप्पणी लेखन, निबन्ध लेखन, समीक्षा लेखन, संवाद लेखन, एकाङ्की लेखन, प्रतिवेदन लेखन, कथा लेखन, कविता लेखन, जीवनी लेखन आदिको समीक्षा गरिएको छ । पुस्तकालयको अध्ययनबाट द्वितीयक सामग्री सङ्कलन गरी गुणात्मक विधिको उपयोग गरी यस लेख तयार पारिएको छ । माध्यमिक तहमा लेखाइ सिप विकासको प्रारम्भिक कार्यकलापभन्दा उत्तरवर्ती कार्यकलाप बढी सान्दर्भिक हुने निष्कर्ष निकालिएको छ । विद्यार्थीमा देखिएका लेखाइ अभिव्यक्तिका त्रुटि निराकरण गरेर विद्यार्थी सक्रिय हुने कार्यकलापबाट लेखन कार्यकलाप गरेमा उपयुक्त हुने निर्क्योल गरिएको छ ।*

***शब्दकुञ्जी:*** लेखन कला, अभिव्यक्ति, प्रारम्भिक कार्यकलाप, सिर्जनात्मक, प्राज्ञिक, माध्यमिक तह ।

## परिचय

कुनै पनि विषय वस्तुमा आधारित भएर लेख्य प्रतीकहरुको प्रयोग गरी गरिने अभिव्यक्तिलाई लिखित अभिव्यक्ति भनिन्छ । अभिव्यक्तिका मौखिक र लिखित गरी दुई प्रकार छन् । मौखिक अभिव्यक्तिमा वक्ता र श्रोताको उपस्थिति आवश्यक पर्दछ भने लिखित अभिव्यक्तिमा वक्ताले आफ्ना विचारहरुलाई स्वतन्त्र रूपमा प्रस्तुत गर्न सक्दछ । मौखिक अभिव्यक्तिभन्दा लिखित

अभिव्यक्ति स्थायी प्रकृतिको हुने गर्दछ। 'लेखन' र 'कला' यी दुई शब्द मिलेर 'लेखन कला' शब्द भनेको हो। लेखन भनेको लेख्ने काम वा लेखाइ सम्बन्धी सिप हो र 'कला' भनेको कुनै पनि काम राम्रोसित सम्पन्न गर्ने सिप र कौशल हो (भण्डारी, २०७४, पृ. १)। लेखन कलालाई लिखित अभिव्यक्तिको अझ परिष्कृत रूपको रूपमा चित्रण गर्न सकिन्छ।

माध्यमिक तहमा लेखाइ अभिव्यक्ति सिपको विकास उचित रूपमा हुन आवश्यक छ। भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरुमध्ये लेखाइ अन्तिम र महत्त्वपूर्ण भाषिक सिप हो। आधारभूत तहमा विद्यार्थीहरुले लिखित अभिव्यक्तिका आधारभूत अभ्यास गरि सकेका हुन्छन्। त्यही आधारभूत लेखाइ सिपलाई स्तरीयता प्रदान गर्दै विद्यार्थीहरुमा लेखन सिप विकास गराउने कार्य यस तहमा हुन्छ। कथ्य अभिव्यक्तिका तुलनामा लिखित अभिव्यक्तिमा भाषिक र व्याकरणिक तुलनामा लिखित अभिव्यक्तिमा भाषिक र व्याकरणिक नियमहरुको पालना उचित ढङ्गले गर्न' पर्ने हुन्छ। विद्यार्थीहरुले आफ्ना मनका विचार, भावना, दुःख, सुख, हर्ष, विस्मात्, पछुतो, सफलता, असफलता आदि विषय वस्तुलाई कुनै पनि समयमा स्वतन्त्र रूपमा प्रस्तुत गर्न पाउने अभिव्यक्तिको एउटा माध्यम लेखाइ हो।

लेख्य अभिव्यक्ति मस्तिष्क र शारीरिक क्रियाको उपलब्धि हो। मनोवैज्ञानिक दृष्टिले लेखन कला वैयक्तिक तुष्टिको माध्यम मानिन्छ। लेख्य अभिव्यक्तिका माध्यमले व्यक्तिले आफ्ना भावना, कल्पना, संवेग, प्रतिक्रिया आदि कुरा जन समक्ष राख्न पाउने सुअवसर प्राप्त गर्दछ जसले गर्दा उसलाई सन्तुष्टि मिल्छ (शर्मा र पौडेल, २०६७, पृ. १६७)। व्यक्तिमा साहसिक अभिव्यक्तिप्रति रुचि देखिएमा त्यस्ता साहित्यिक रचनाहरुलाई विभिन्न प्रकाशन र प्रसारण संस्थाबाट प्रकाशन र प्रसारण गर्न सक्छन्। यस्तो कार्यबाट व्यक्तिले भाषा सन्तुष्टि प्राप्त गर्न'का साथै इज्जत, प्रतिष्ठा र अर्थ उपार्जन समेत गर्न सक्दछन्। माध्यमिक तहका विद्यार्थीहरुमा यस्ता अवसरहरुको प्राप्ति गराउन पनि लिखित अभिव्यक्ति सिपमा सक्षमता हासिल गराउनु आवश्यक छ। बालपत्रिका अथवा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकामा आफ्ना रचनाहरु छपाउन प्रोत्साहन गर्ने सुअवसर विद्यार्थीका लेखन कला राम्रो भएमा मात्र प्राप्त गर्न सक्दछन्। त्यस कारण यस्ता सिर्जनात्मक लेखन कलामा माध्यमिक तहका विद्यार्थीहरुलाई प्रोत्साहित गर्न लेखाइ अभिव्यक्तिमा परिष्कार र परिमार्जन गराउनु राम्रो मानिन्छ।

माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक प्रयोग व्यवहारमा अपनाउन पर्ने साधारण लिखित अभिव्यक्तिबाट विस्तारै विशिष्ट प्रकृतिका लिखित कार्यकलापहरुमा सरिक गराउनु सान्दर्भिक मानिन्छ। घरायसी कामहरु जस्तै सरसामान खरिदको लिस्ट, आफन्तलाई चिठी लेनदेनको सूचना आदि लिखित सूचनाहरु लेख्न अभिप्रेरित गरेर क्रमशः सिर्जनात्मक र व्यावसायिक लेखनतिर अग्रसर गराउनु उपयुक्त हुन्छ। कक्षाका पाठमा आधारित प्रश्नोत्तर, बुँदा टिपोट, सारांश लेखन, संक्षिप्त र विस्तृत उत्तर लेखन, कथा लेखन, जीवनी लेखन जस्ता कार्यलकलापहरु सरलदेखि जटिलको सिकाइ क्रममा विद्यार्थीहरुलाई अभ्यस्त गराउन उचित हुन्छ। प्रस्तुत लेखमा लेखाइ

अभिव्यक्तिका प्रकार, माध्यमिक तहमा लेखाइ सिपको औचित्य र लेखाइ अभिव्यक्ति सिपको कार्यकलापहरुलाई आलोचनात्मक सिद्धान्तका आधारमा समीक्षा गर्ने कार्य गरिएको छ।

प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य माध्यमिक तहमा लेखन कला अभिव्यक्तिका कार्यकलापको उपयोगको विश्लेषणात्मक अध्ययन गर्नु रहेको छ। लेखन कलाका प्रकारहरुको समीक्षा गर्दै माध्यमिक तहका कक्षाकोठामा उपयोग गरिने प्रारम्भिक कार्यकलाप र उत्तरवर्ती कार्यकलापहरुको समीक्षात्मक अध्ययन गरेर निष्कर्ष निकालिएको छ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्ध्येय विषय गुणात्मक विधिमा आधारित छ। सामग्री सङ्कलनको निमित्त प्राथमिक र द्वितीयक स्रोत मध्ये द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक र समीक्षात्मक रूपमा प्रस्तुत लेखको निष्कर्ष निकालिएको छ। प्रस्तुत लेखका लागि लिइएका सामग्रीहरु द्वितीयक स्रोतका मात्र रहेका छन्। लेखन कार्यकलापहरु माध्यमिक तहमा उपयोग हुने सन्दर्भबाट मात्र समीक्षा गरिएको छ। लेख लेखनको सारपूर्ण तरिकाको उपयोग गरिएकाले प्रस्तुत लेखमा सैद्धान्तिक अवधारणाको उपयोग गरिएको छैन। विशेष गरी लेखनका प्रकारलाई लेखन कार्यकलापसँग जोडेर माध्यमिक तहका विद्यार्थीको लेखन अभिव्यक्ति विकासमा लेख केन्द्रित गरिएको छ।

## परिणाम र छलफल

### लेखनका प्रकार

लेखन सिपको विकास विद्यार्थीहरुमा गराउनको लागि लेखनका आधारभूत कुराहरुको जानकारी हुन आवश्यक छ। भण्डारी (२०७४) ले लेखनका प्रकारलाई सामान्य र विशिष्ट गरी दुई प्रकारमा छुट्याएका छन्। उनले सामान्यभित्र व्यावहारिक लेखनका कुरा र विशिष्ट लेखनभित्र साहित्यिक सिर्जनात्मक लेखनलाई लिएका छन्। उनले उपादेयताका दृष्टिले लेखन व्यावहारिक, बौद्धिक तथा कलात्मक गरी दुई प्रकारका, सम्बद्धताका दृष्टिले लेखन वैयक्तिक र सार्वजनिक प्रकृतिको र लेखन अभिव्यक्तिलाई सामान्य अभिव्यक्ति, सम्पादनात्मक अभिव्यक्ति र सिर्जनात्मक/साहित्यिक, प्राज्ञिक/बौद्धिक अभिव्यक्ति गरी छुट्याएर चर्चा गरेका छन्। लेखनको प्रकृति, सम्बद्धता, उपादेयता आदिका आधारमा लेखनलाई विश्लेषण गरिएको पाइन्छ। प्रस्तुत लेखमा यान्त्रिक लेखन, निर्देशित लेखन, व्यावहारिक लेखन, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखन र प्राज्ञिक लेखनमा लेखनलाई वर्गीकरण गरेर विश्लेषण गरिएको छ।

**यान्त्रिक लेखन** : अनुकार्यमा बढी महत्त्व दिई लेखन कलाको निश्चित ढङ्ग, ढाँचा, प्रविधि र नियममा आधारित लेखन यान्त्रिक लेखन हो। यो लेखाइको प्रारम्भिक कार्यकलापको रूपमा रहन्छ। पाठका अभ्यासमा केन्द्रित लेखन भएकाले यसलाई आभ्यासिक लेखन पनि भनिन्छ। हस्त

लेखन, अनु लेखन, श्रुति लेखन, अक्षर लेखन, साफी लेखन, चिह्न लेखन जस्ता कार्यकलापहरु यस लेखनमा गराउन सकिन्छ। ढुङ्गेल र दाहाल (२०७४, पृ. १५९) का अनुसार वाक्य निर्माणका विविध कार्यकलापहरु वाक्यमा खाली राखिएको ठाउँमा उपयुक्त शब्द भर्न, उपयुक्त लेख्य चिह्नको प्रयोग गर्न', एक किसिमको वाक्यलाई अर्को प्रकृतिको वाक्यमा रूपान्तरण गर्न' जस्ता कार्यकलापहरु गराउन सकिने कुरा उल्लेख गरेका छन्। यो भाषिक शुद्धता र अनुकरणमा बढी केन्द्रित हुने हुनाले अङ्ग्रेजी भाषामा यसलाई ःबअजबलषशभम धचषत्ष्लन का रूपमा लिएको छ। यो लेखन निर्देशित, स्वतन्त्र, सिर्जनात्मक र प्राज्ञिक लेखनको आधार लेखन हो।

**निर्देशित लेखन** : वैयक्तिक लेखनको प्रभावभन्दा पनि नियन्त्रित ढाँचाको अनुसरण गरी लेखिएको लेखन निर्देशित लेखन हो। अक्षर संरचना वर्णहरुको समुचित विन्यास, शब्द प्रयोगगत उपयुक्तता, वाक्य संरचनागत शुद्धता मात्र होइन, विचार सङ्गठन वा प्रस्तुतीकरणगत स्तरीयता निर्वाह गराउन पनि अभ्यासको आवश्यकता पर्दछ। अभ्यास गराउँदा यसरी गर्ने भन्ने कुराको निर्देशन वा मार्ग दर्शन नै निर्देशित लेखन हो (ढकाल, २०६२, पृपृ. २४७-२४८)। सारांश लेखन, अनुच्छेद लेखन, चिठी लेखन, प्रबन्ध लेखन, संक्षेपीकरण लेखन, विस्तृतीकरण लेखन, जीवनी लेखन आदि लेखन गराउने कार्य यस लेखन अन्तर्गत पर्दछ। यस लेखनमा बुँदा दिएर त्यसका आधारमा लेखनको अभ्यास गराउने कार्य गरिन्छ। यान्त्रिक लेखनभन्दा यो अलि बढी सुधारिएको लेखन हो।

**स्वतन्त्र लेखन** : खास विषय शीर्षक दिएर त्यही शीर्षकमा आधारित भई आफ्नो मनज्ञानले लिखित अनुभव व्यक्त गर्न' स्वतन्त्र लेखन हो। निर्देशित लेखनभन्दा यस लेखनमा मौलिकता, काल्पनिकता र वैयक्तिकताको आधिक्यता हुन्छ। विधागत संरचना र विषय वस्तुको सङ्गठनलाई यसमा सचेत रूपमा उपयोग गरिएको हुन्छ। स्वतन्त्र लेखनमा अभ्यास गराउनुभन्दा अघि सिकारुहरुलाई निर्देशित लेखनमा अभ्यास  गराइसक्नु आवश्यक हुन्छ। निर्देशित लेखनमा (खास विधाको आरम्भ, मध्य र अन्त्यको संरचना, त्यसमा व्यक्त गर्न'पर्ने कुरा वा विचार सङ्गठन र प्रस्तुतीकरणको ढाँचामा) अभ्यस्त सिकारुले मात्र स्वतन्त्र लेखन गर्न सक्छ। निर्धारित लेखनमा जस्तो यसमा पूर्वनिर्धारित वा पूर्वकल्पित तथ्य र तथ्याङ्क दिइएका हुँदैनन् तापनि स्वतन्त्र लेखन गर्नेले विषय वस्तुगत सङ्गठन र विधागत संरचनालाई प्रस्तुत गर्न' आवश्यक हुन्छ (ढकाल, २०६२, पृ. २४९)। कुनै शीर्ष्कि दिएर कविता लेखन, निबन्ध लेखन, समीक्षा लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, वक्तृता लेखन, मनोवाद लेखन, एकाङ्की लेखन आदि जस्ता लेखन अभ्यासहरुमा स्वतन्त्र लेखन गराउन सकिन्छ।

**व्यावहारिक लेखन** : मानिसले दैनिक व्यवहारमा आइपरेका विभिन्न किसिमका व्यक्तिगत, घरायसी तथा पारिवारिक व्यवहार र कानुनी पक्षहरुलाई लिखित रूपमा व्यक्त गर्ने सिपलाई व्यावहारिक लेखन भनिन्छ। यसभित्र जानकारी पत्र, अनुरोध पत्र, टिप्पणी पत्र, सूचनाको सम्प्रेषण, लेनदेनको प्रमाण, इच्छापत्र, उजुरी, कार्य सम्पादनको लागि गरिने तोक आदेश तथा टिप्पणीपत्र,

अभिलेखीकरण तथा बैङ्किङ कारोबारको व्यवस्थापनका लागि लेखिएका लिखतहरु पर्दछन् (ढुङ्गेल र दाहाल, २०७४, पृ. १६०) । यसको उद्देश्य दैनिक जीवनका व्यवहार सञ्चालनार्थ देखिएका समस्याहरुलाई समाधान गर्ने हुन्छ । घरायसी चिठी, निवेदन, मिलापत्र, लेनदेन पत्र, आवेदन, भर्पाई, बैङ्क भौचर, मिलापत्र, मञ्जुरीनामा, वारेसनामा, तमसुक, जाहेरी, बैठकको माइनेटिङ आदि लेखन व्यावहारिक लेखनभित्र पर्दछन् । यस लेखनले व्यक्तिको दैनिकीलाई सहज बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। व्यावहारिक लेखनलाई सम्पादन गर्न' पर्ने हुनाले यसलाई सम्पादनात्मक अभिव्यक्तिको रूपमा पनि लिइन्छ।

**सिर्जनात्मक लेखन** : विचार र अनुभवलाई मौलिकता, काल्पनिकताका साथ नवीन रूपमा प्रस्तुत गर्न सक्ने कला सिर्जनात्मक लेखन हो । स्वतन्त्र लेखनभन्दा यो बढी निखारिएको लेखन हो । यसमा साहित्यिक र साहित्येतर दुबै लेखनको उच्चस्तरीय रूप देखिन्छ। भण्डारी (२०७४, पृ. ३) ले सिर्जनात्मक अभिव्यक्तिलाई निम्नानुसार चिनाएका छन्-

"सिर्जनात्मक लेखनमा सोझो र प्रत्यक्ष कथन नगरी व्यङ्ग्य र विशिष्ट प्रकारको कथन हुने गर्दछ। शब्द र वाक्यको चयनदेखि अर्थका दृष्टिले लक्ष्यार्थसम्म लेखकहरु पुग्ने गर्दछन्। लेखनमा सम्प्रेषण शक्तिशाली हुन्छ। मानव जीवनका अति संवेदनशील विषय समेत यसमा प्रस्तुत गरिएको हुन्छ। प्रत्येक सिर्जनात्मक लेखन आफैँमा मौलिक हुन्छ। यसमा लेखकले कुनै प्रकारको सीमाभित्र आबद्ध नभई आफूलाई लागेका कुराहरु आफ्नो अनुभूतिमा घोलेर सर्वसाधारण पाठकको मन जित्ने गरी व्यक्त गर्ने प्रयास गर्दछन् । यस्तो लेखन स्रष्टाको अनुभवजन्य संवेगबाट प्रकट हुन्छ । सुदीर्घ अनुभवको मिश्रण हुने हुनाले यसलाई अनुभवाश्रित लेखन पनि भनिन्छ।"

यस्तो लेखन तल्ला कक्षाभन्दा माथिल्ला कक्षाहरुमा बढी उपयुक्त हुन्छ । कथा लेखन, निबन्ध लेखन, कविता लेखन, उपन्यास लेखन, नाटक/एकाङ्की लेखन आदि लेखनहरु यस लेखन अन्तर्गत पर्दछन् ।

सिर्जनात्मक लेखन व्यक्ति प्रतिभाद्वारा आफ्ना चेतना तहमा परेका र सञ्चित हुन पुगेका जीवन जगत्का सूक्ष्म प्रतिच्छायाँलाई आफ्नै कल्पना शक्तिको आधारमा भाषिक सङ्केत तथा सामर्थ्यको र तनावको कुशल दोहनपूर्वक कलात्मक अभिव्यक्ति दिने व्यञ्जनाशील वैयक्तिक प्रयास हो (त्रिपाठी, २०६६, पृ. १६६) । यसर्थ सिर्जनात्मक लेखनका लागि गहन अभ्यास र वैयक्तिक प्रतिभाको संयोजन हुन आवश्यक छ । यस्तो लेखनबाट व्यक्तिले समाजमा इज्जत, प्रतिष्ठा र अर्थ आर्जन गर्न'का साथै चरम सन्तुष्टि प्राप्त गर्न सक्दछन् ।

**प्राज्ञिक लेखन** : प्राज्ञिक लेखनलाई बौद्धिक लेखन पनि भनिन्छ । बुद्धिद्वारा ग्रहण गरिन योग्य अभिव्यक्ति प्राज्ञिक अभिव्यक्ति हो । सिर्जनात्मक अभिव्यक्ति पनि बौद्धिक अभिव्यक्ति नै हो । तर सबै सिर्जना बौद्धिक हुँदैनन् । यस प्रसङ्गमा शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता प्राप्त गरेका वा स्वाध्ययन र दीर्घसाधनाबाट

खारिएका लेखकका साहित्यिक वा गैर साहित्यिक लेखनलाई प्राज्ञिक/बौद्धिक अभिव्यक्ति भनिएको छ । यस्ता रचनाका उपभोक्ता/पाठक पनि समान स्तरका वा उच्च बौद्धिक खालका हुन्छन् । दर्शन, वैचारिक लेख रचना आदिलाई बौद्धिक/प्राज्ञिक लेखन भनिन्छ। नेपाली भाषामा लेखिएका शोध/अनुसन्धानका अतिरिक्त सिर्जनात्मक लेखन अन्तर्गत पर्ने बालकृष्ण समका कविता/काव्य र 'नियमित आकस्मिकता' जस्ता निबन्ध, लक्ष्मी प्रसाद देवकोटाको काव्यकविता र निबन्ध, मोहन कोइरालाका कविता (विशेषतः लामा कविता), जगदीश शमशेर राणाका रचना, मदन मणि दीक्षितका उपन्यास, शङ्कर लामिछानेका निबन्ध, वासुदेव त्रिपाठीका समालोचना प्राज्ञिक/बौद्धिक कित्तामा पर्ने रचना हुन् (भण्डारी, २०७४, पृ. ४)। यसर्थ साहित्यिक, साहित्येतर र अनुसन्धानमूलक लेख रचनाहरु यस लेखनभित्र पर्दछन् भन्ने कुरा पुष्टि हुन्छ। यस्ता लेखन गर्ने स्रष्टा पनि प्राज्ञिक/बौद्धिक स्तरका हुन्छन् भने स्रोता वा पाठक पनि प्राज्ञिक/बौद्धिक तहका हुन्छन् ।

## माध्यमिक तहमा गरिने लेखाइ सिपका कार्यकलापहरुको उपयोग

माध्यमिक तहमा लेखाइ सिप विकासमा यान्त्रिक, निर्देशित, व्यावहारिक, स्वतन्त्र र सिर्जनात्मक ढङ्गका कार्यकलापहरु गरिन्छ । यी कार्यकलापहरुलाई प्रारम्भिक कार्यकलाप र उत्तरवर्ती कार्यकलापमा विभाजन गरेर विश्लेषण गर्न सकिन्छ । प्रारम्भिक कार्यकलापमा हस्त लेखन, अनु लेखन, श्रुति लेखन, प्रश्नोत्तर लेखन, वस्तु तथा चित्र वर्णन, अनुभव, घटना तथा यात्रा वर्णन, चिठी लेखन, निवेदन लेखन, दैनिकी लेखन, भाव विस्तार तथा व्याख्या र सप्रसङ्ग व्याख्या आदि लेखन पर्दछन् । लेखाइ सिप विकासको उत्तरवर्ती कार्यकलाप अन्तर्गत बुँदा टिपोट, सारांश/सङ्क्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद लेखन, टिप्पणी लेखन, निबन्ध लेखन, समीक्षा लेखन, मनोवाद लेखन, संवाद लेखन, एकाङ्की लेखन, प्रतिवेदन लेखन, कथा लेखन, कविता लेखन, जीवनी लेखन आदि पर्दछन् ।

**माध्यमिक तहमा लेखाइ शिक्षणका प्रारम्भिक कार्यकलापहरु** : पूर्वप्राथमिक तहदेखि माध्यमिक तह हुँदै उच्च तहतिर आवश्यकता अनुसार लिखित सिप विकासका लागि उपयोग गर्न सकिने कार्यकलापहरु प्रारम्भिक कार्यकलापहरु हुन् । कक्षाको स्तरअनुसार यस्ता कार्यकलापको प्रयोग र स्तरीकरण गर्दै लैजानु आवश्यक मानिन्छ।

**हस्त लेखन** : कुनै पनि अक्षर, शब्द, पदावली वा वाक्यलाई दोहोऱ्याई तेहेऱ्याई लेख्ने अभ्यासलाई हस्त लेखन भनिन्छ (शर्मा र पौडेल, २०६७, पृ. १७३) । पूर्वप्राथमिक तह र आधार भूत तहको प्रारम्भिक कक्षाहरुमा यो उपयुक्त हुन्छ। माध्यमिक तहका कमजोर विद्यार्थीहरुलाई स्तरीकरण गर्न; सफा, राम्रो र बान्कीपूर्ण अक्षर लेख्ने क्षमता विकासका लागि उपयोग गर्न सकिन्छ। त्यस्तै तत्सम र जटिल अक्षर संरचना भएका शब्दहरुको सही तरिकाले लेख्न पनि हस्त लेखनलाई माध्यमिक तहमा उपयोग गर्न सकिन्छ।

**अनु लेखन** : लिपिबद्ध भाषा सार्ने अभ्यासलाई यहाँ अनुलेखन भनिएको हो । यो विशुद्ध आभ्यासिक कार्यकलाप हो । जब शिक्षार्थीले अक्षर लेख्न जानेको हुन्छ, तब उसलाई पाठका विभिन्न वाक्य, अनुच्छेद वा सिङ्गै पाठ क्रमिक रूपमा सार्न लगाउन सकिन्छ । यस्ता अभ्यासबाट उसको आँखा र हातको सन्तुलन मिलाउन र राम्रा अक्षर लेख्ने बानी बसाल्न मद्दत मिल्छ (अधिकारी, २०६९, पृ. १३१) । माध्यमिक तहका विद्यार्थीका ज्यादै भद्दा, अस्पष्ट र नराम्रो लेखनलाई सुधार गर्न अनु लेखनको उपयोग गर्न सकिन्छ ।

**श्रुति लेखन** : विद्यार्थीले सुनेको आधारमा शब्द, पद, पदावली, वाक्य, वाक्य समूह वा सिङ्गो अनुच्छेद लेख्ने आभ्यासिक कार्यकलापलाई श्रुतिलेखन भनिन्छ । श्रुति लेखन गराउँदा अर्थगत र उच्चारणगत भिन्नता भएका शब्दयुग्मको प्रयोग गर्नु'पर्छ । शिक्षकले शुद्ध, स्पष्ट र स्तरीय रूपमा विषय वस्तुलाई सुनाउने र सोही अनुरूप विद्यार्थीलाई लेख्न लगाउनु पर्छ (पोखरेल, काफ्ले र दाहाल, २०६९, पृपृ. १४८-१४९) । माध्यमिक तहमा वर्णविन्यासगत त्रुटि निराकरण गर्न र उपयुक्त रूपमा लेख्य चिह्नको प्रयोग अभ्यास गर्न श्रुति लेखनको उपयोग गर्न सकिन्छ । दृष्टांश सामग्रीका साथै अदृष्टांश सामग्रीहरुको प्रयोग गरी माध्यमिक तहमा श्रुति लेखन गराउन उपयुक्त हुन्छ ।

**वस्तु तथा चित्र वर्णन** : विद्यार्थीको अनुभवको सेरोफेरोसँग सम्बन्धित वस्तु वा चित्रको लिखित रूपमा वर्णन गर्न लगाउने लेखन यससँग सम्बन्धित छ । आधारभूत तहका तल्ला कक्षाका तुलनामा माध्यमिक तहमा विशिष्ट किसिमका वस्तु अनि अमूर्त र भावात्मक दृश्यचित्रहरुका रूपमा क्रमशः स्तरीकृत हुँदै जानु आवश्यक देखिन्छ । कुनै पनि वस्तुलाई नियालेर हेर्ने र त्यसको विविध कलात्मक, वस्तुगत एवम् भावात्मक पक्षहरुको व्याख्या, वर्णन र विवरण दिने खुवी वा क्षमता विकासमा यो कार्यकलाप निकै प्रभावकारी मानिन्छ (शर्मा र पौडेल, २०६७, पृ. १७९) । माध्यमिक तहका विद्यार्थीमा चित्र हेरेर सिर्जनात्मक रूपमा लेखन गर्ने सिपको विकासका निम्ति यसलाई उपयोग गर्न सकिन्छ ।

**श्रुति रचना** : कुनै ससाना घटना, प्रसङ्ग वा विषयवस्तुको वर्णन सुनेर त्यसलाई लिपिबद्ध गरी उतार गर्न'लाई श्रुति रचना भन्न सकिन्छ (शर्मा र पौडेल, २०६७, पृ. १७६) । यसबाट ध्यानपूर्वक सुन्ने र सुनेका कुरालाई सम्झेर उपयुक्त क्रममा लेखन सक्ने क्षमताको विकास हुन्छ । माध्यमिक तहमा ससाना रोचक कथा, चुट्किला, गीत, कविता, तर्क, संवाद आदि सुनाएर त्यसको आधारमा लेख्न लगाउने अभ्यास गराउन सकिन्छ ।

**प्रश्नोत्तर लेखन** : कुनै अनुच्छेद वा सिङ्गो पाठ पढि सकेपछि त्यसका आधारमा सम्बन्धित प्रश्नको उत्तर लेख्न लगाउने कार्यकलाप यस अन्तर्गत पर्दछ । कक्षाकार्यका रूपमा गराइने प्रश्नोत्तर लेखन कक्षाको स्तर अनुसार एउटा वाक्यदेखि अनुच्छेद तहसम्मका हुन सक्छन् (ढकाल, २०६२, पृ. २५३) । माध्यमिक तहमा एक वाक्यका बोधात्मक प्रश्नको उत्तरदेखि भाव विस्तार, व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचनात्मक उत्तर लेखनको अभ्यास गराउनु उपयुक्त मानिन्छ । यस्ता उत्तरहरु गृहकार्यका रूपमा दिनु राम्रो हुन्छ । जति कक्षाको तह बढ्दै जान्छ त्यति नै मात्रामा उत्तरको आयाम बढ्दै जान्छ ।

**अनुभव, घटना तथा यात्रा वर्णन** : विद्‍यार्थीले आफ्नो जीवनका विभिन्न सन्दर्भमा भोगेका, अनुभव गरेका, देखेका, सुनेका र व्यहोरेका विविध कुराहरुलाई आधार बनाई लिखित रूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै अनुभव, घटना तथा यात्रा वर्णन हो (शर्मा र पौडेल, २०६७, पृ. १७९) । कुनै चाडपर्व, मेला, शैक्षिक भ्रमण, वनभोज, यात्रा, नियात्रा, भूकम्प, बाढी, पहिरो जस्ता विविध सन्दर्भलाई विद्‍यार्थीले सोचेर, सम्झेर, कल्पना गरेर सिलसिलाबद्‍ध गरी लेख्ने काम यसमा हुन्छ । आभ्यासिक खालको लेख भए तापनि सिर्जनात्मक, मौलिक र स्वतन्त्र खालका लेखन सिप विकासमा यस्तो लेखनले आधारभूमिको काम गर्दछन् । माध्यमिक तहमा यस्तो लेखन गराउँदा विद्‍यार्थीहरु भाषिक सिप विकासमा सक्षम हुनाका साथै साहित्यिक अभिव्यक्तिमा प्रोत्साहित हुन्छन् ।

**भाव विस्तार, व्याख्या र सप्रसङ्‍ग व्याख्या** : सुक्तिमय वाक्य वा कविताका अंशको मूल भाव पकडी त्यसलाई पुस्ट्याइँ दिनु, उदाहरण तथा तर्कपूर्ण विचार प्रस्तुत गर्न' वा भावको विस्तृतीकरण गर्न' पनि लेखनसँग सम्बन्धित कार्यकलाप हो (अधिकारी, २०६९, पृ. १३५) । यस्तो कार्यकलाप विद्‍यार्थीको बोध क्षेत्रसँग सम्बन्धित हुनु राम्रो मानिन्छ । माध्यमिक तहमा गद्‍य र पद्‍य पाठका अंशहरुको विश्लेषणात्मक रूपमा आफ्नो विचार उदाहरण सहित प्रस्तुत गराउने कार्यकलापमा यसको उपयोग गरिन्छ ।

**दैनिकी लेखन** : जीवनका दैनिक विशेष घटना, अनुभव र कार्यहरुको टिपोटलाई दैनिकी भनिन्छ । यसलाई दैनन्दिनी र अङ्ग्रेजी भाषामा 'डेली डायरी' पनि भनिन्छ । दिनभरिको दिनचर्या सकि सकेपछि राति सुत्नुभन्दा अगाडि हरेक दिन आफूले गरेका, देखेका, भोगेका, अनुभव गरेका, थाहा पाएका, सुनेका र कल्पना गरेका कुराहरुको स्मरण गरी एक दुई वटा अनुच्छेदमा चिर सम्झनाका लागि गरिने टिपोटका रूपमा यसको पहिचान हुने हुनाले यसलाई वैयक्तिक रचना भनिएको हो (शर्मा र पौडेल, २०६७, पृ. १८२) । आधारभूत तहका उत्तरवर्ती कक्षाबाट यसको सुरुवात गरी माध्यमिक तहमा भरपुर उपयोग गर्न सकिन्छ । सिर्जनात्मक र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउन र भविष्यमा आत्मवृत्तान्त लेखनका पूर्व तयारीका रूपमा यसको उपयोग गराउन सकिन्छ ।

**माध्यमिक तहमा गरिने लेखाइ सिप शिक्षणका उत्तरवर्ती कार्यकलाप** : आधारभूत तहका उत्तरवर्ती कक्षाहरुमा उपयोग गर्न सकिने र माध्यमिक तहदेखि उच्च कक्षाहरुमा समेत उपयोग गर्न सकिने लेखाइ सिपका कार्यकलापहरु यसअन्तर्गत पर्दछन् । यी कार्यकलापहरु प्रारम्भिक कार्यकलापको विकास पश्चात् गरिने हुनाले बढी विशेष खालका हुन्छन् । यी कार्यकलापहरुको समीक्षा निम्नानुसार गरिएको छः

**बुँदा टिपोट** : पढेका वा सुनेका भाषिक अभिव्यक्तिका सारभूत कुरालाई बुँदाका रूपमा टिपोट गरेर गर्ने कार्यकलाप बुँदा टिपोट हो । कुनै पुस्तक, लेख वा लेखको खास अंश पढेर वा कसैको वक्तव्य र वार्तालाप, छलफल आदि सुनेर तिनको मर्म ठम्याई मुख्य मुख्य कुरा छानेर सुव्यवस्थित रूपमा लेख्ने पद्धतिलाई बुँदा टिपोट भनिन्छ (ढुङ्गेल र दाहाल, २०७४, पृ. १६५) ।

बुँद ाटिपोट गर्दा यसको विषय वस्तु अनुसारको सिलसिलामा क्रमबद्ध हुनु पर्दछ र असमापिका क्रियाको उपयोग गर्न' पर्दछ। माध्यमिक तहका विद्यार्थीहरुलाई दृष्टांश अनुच्छेदको बुँदा टिपोटको अभ्यासमा अभ्यस्त गराइ सकेपछि अदृष्टांश अनुच्छेदको बुँदा टिपोटको अभ्यास गराउनु उपयुक्त हुन्छ। यसबाट विद्यार्थीहरुमा महत्त्वपूर्ण र सारगर्भित विषयवस्तुको बोध गर्ने क्षमताको विकासमा सहयोग पुग्दछ।

**संक्षेपीकरण/सारांश लेखन** : कुनै कथन वा अनुच्छेदका खास खास बुँदाहरु नछुटाई छोटकरीमा त्यसको मुख्य अभिप्राय व्यक्त गर्न' संक्षेपीकरण हो । यसमा विस्तार गरिएको अंश, व्याख्या, उखान र उदाहरणलाई छाडिन्छ र कम प्रासङ्गिक कुराहरुलाई हटाइन्छ। तेरिज, मजबुन र सारांश पनि संक्षेपीकरण जस्तै हुन् अथवा संक्षेपीकरणले ती सबैलाई आफूमा समेट्न सक्छ (शर्मा र पौडेल, २०६७, पृ. १८४) । दिएको अनुच्छेदको एक तृतीयांश भाग मात्र लेख्ने कार्य यसमा हुन्छ। माध्यमिक तहका विद्यार्थीमा अनुच्छेदमा दिएका भाव वा विचारलाई संश्लेषणात्मक रूपमा अभिव्यक्त गर्न सारांश लेखनको अभ्यास गराइन्छ।

**विस्तृतीकरण** : सङ्क्षिप्त, सारगर्भित, सूत्रात्मक र सूक्तिमय कथनलाई सरल, सहज बनाउन गरिने व्याख्यात्मक उपायलाई विस्तृतीकरण भनिन्छ । यसमा जटिल शब्दद्वारा गुम्फित भाव वा विचारलाई विस्तार गर्ने काम गरिन्छ (पोखरेल, काफ्ले र दाहाल, २०६९, पृ. १५१) । यस लेखनमा छोटा सूक्ति वा सूत्रात्मक उक्तिलाई विश्लेषित रूपमा प्रस्तुत गरिन्छ । माध्यमिक तहका विद्यार्थीमा भाव विस्तार गर्न, विवेचना गर्न, तार्किक उत्तरहरु लेख्ने कार्यकलापहरु गराई विस्तृतीकरणको लेखन गराउने कार्य गरिन्छ । यसले विषय वस्तुलाई विविध कोणबाट हेर्ने र विश्लेषण गर्ने क्षमताको विकास हुन्छ।

**अनुच्छेद लेखन** : कुनै विषय वस्तुको शीर्षक दिएर त्यसमा आधारित वाक्य समूहको रूपमा लेखिएको आलेखलाई अनुच्छेद भनिन्छ। अनुच्छेदको प्रारम्भमा एउटा मुख्य वाक्य रहेको हुन्छ। त्यस्तो वाक्यलाई अनुच्छेदको शीर्षवाक्य भनिन्छ। शीर्ष वाक्य भनेको लेखकले अभिव्यक्त गरेको विचारको समष्टि स्वरूप हो । अनुच्छेदको यस खण्डलाई परिचय खण्ड भनिन्छ । अनुच्छेदको दोस्रो खण्ड मध्य भाग हो । यसमा मुख्य वाक्यमा प्रयोग भएका वाक्यहरुलाई पुष्टि गर्ने सहयोगी वाक्यहरु रहेका हुन्छन् । मुख्य वाक्यमा प्रस्तुत विचारलाई त्यसपछि आउने वाक्यहरुले प्रस्ट पार्दै त्यसको विस्तार गर्दै जान्छन् । अनुच्छेदनको अन्त्य भाग निष्कर्ष वा सारांश खण्ड हो । यस खण्डमा अनुच्छेदमा दिएका समग्र सूचना र विचारहरु बिचको सम्बन्ध कायम गरिएको हुन्छ र त्यसलाई सङ्गठित रूपले सारांशका रूपमा प्रस्तुत गरिएको हुन्छ (भण्डारी, २०७४, पृपृ. १६-१८) । माध्यमिक तहमा आख्यानात्मक, वर्णनात्मक, विवरणात्मक, आत्मपरक, वस्तुपरक, भावात्मक, तार्किक, विश्लेषणात्मक, आलङ्कारिक जस्ता अनुच्छेद लेखनका कार्यकलापहरु गराउन सकिन्छ। सुगठित अनुच्छेद लेखन अभ्यासले माध्यमिक तहका विद्यार्थीहरुमा संक्षिप्त वाक्यमा गहन अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ।

**टिप्पणी लेखन** : विभिन्न विषय, समस्या र कठिनाइका बारेमा आफ्ना विचार, दृष्टिकोण वा राय विश्लेषणात्मक रूपमा लेख्नु नै टिप्पणी लेखन हो (शर्मा र पौडेल, २०६७, पृ. १८६)। समसामयिक र जल्दाबल्दा विषय, घटना र समस्यामा आधारित भएर माध्यमिक तहमा टिप्पणी लेखनको अभ्यास गराउनु पर्दछ। टिप्पणी लेखनको पहिलो अनुच्छेदमा विषयको उठान गरिन्छ। यसमा परिचय उल्लेख गरिन्छ। दोस्रो अनुच्छेदमा ती समस्या, घटनामा देखिएका समस्याहरु, कमजोरीहरुको विश्लेषण गरिन्छ। अन्त्य अनुच्छेदमा समस्या समाधानको उपायहरु सहित निष्कर्ष दिइने प्रचलन रहेको छ। माध्यमिक तहका विद्यार्थीहरुमा समसामयिक विषय वस्तुको समस्या र समाधानका उपायहरुका बारेमा चिन्तन गरी लिखित अभिव्यक्ति दिने खालका कार्यकलाप गराउनु राम्रो मानिन्छ।

**निबन्ध लेखन** : कुनै विषय वस्तुका आधारमा आफ्ना भावना र विचारहरुलाई सुव्यवस्थित र शृङ्खलाबद्ध गरेर लेखिने लेखलाई निबन्ध लेखन भनिन्छ। निर्देशित र स्वतन्त्र रूपमा लेखिने निबन्धको मुख्य उद्देश्य निबन्धन सिप हासल गर्न' र आफ्ना वस्तु तथ्यात्मक, भावात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर क्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्न' हो (शर्मा र पौडेल, २०६७, पृ. १८६)। निबन्ध वस्तुगत र आत्मपरक हुन्छ। माध्यमिक तहमा वस्तुपरक निबन्धको लेखन पश्चात् आत्मपरक निबन्ध लेखनको कार्यकलाप गराउनु उपयुक्त हुन्छ।

**प्रतिवेदन लेखन** : कुनै घटना, समस्या, क्रियाकलाप वा वस्तुस्थितिको अध्ययन वा निरीक्षण गरी लेखिने क्रमबद्ध विवरणलाई प्रतिवेदन भनिन्छ। आफ्नै अनुभव, भ्रमण, अध्ययन र पर्यवेक्षणका आधारमा कुनै घटना वा विषयमा परिचयात्मक प्रतिवेदन लेख्ने कार्यकलाप शिक्षार्थीका लागि रोचक र प्रासङ्गिक पनि हुन्छ (अधिकारी, २०६९, पृ. १३९)। प्रतिवेदनमा परिचय खण्ड, उद्देश्य, विवरण खण्ड, सुझाव र निष्कर्ष खण्ड हुन्छ। परिचय खण्डमा नै अध्ययनको उद्देश्य र आवश्यकता उल्लेख गर्न सकिन्छ। माध्यमिक तहका विद्यार्थीहरुलाई कुनै भेला, पर्व, जात्रा, यात्रा, वनभोज, विद्यालयका कार्यक्रम, कुनै कार्यालय, कारखाना, परियोजना स्थल, घटना आदिको प्रतिवेदन लेखनका कार्यकलापहरु गराउन सकिन्छ।

**कथा लेखन** : कथामा निश्चित संरना हुन्छ। शीर्षक, उद्देश्य, पात्र, दृष्टिविन्दु, वातावरण वा परिवेश, भाषाशैली आदि तत्त्वहरुको समष्टि रूप कथामा देखिन्छ। कुनै कथा बन्न लायक घटनालाई बुँदागत रूपमा दिएर पनि कथा लेख्ने अभ्यास गर्न सकिन्छ। सुरुमा निर्देशित खालका आभ्यासिक कथा लेखनको अभ्यास गराइ सकेपछि सिर्जनात्मक कथा लेखनका अभ्यास माध्यमिक तहमा गर्न उपयुक्त मानिन्छ। विद्यार्थीहरुमा लोक कथाको अभ्यास गराउँदा कथा लेखन सहज रूपमा गराउन सकिन्छ।

**जीवनी लेखन** : कुनै पनि महत्त्वपूर्ण व्यक्तिका जीवनमा घटेका सम्पूर्ण गतिविधिहरुलाई सिलसिलाबद्ध र सङ्गठित रूपमा लिखित अभिव्यक्ति दिने लेखन नै जीवनी लेखन हो। स्थानीय, राष्ट्रिय

र अन्तर्राष्ट्रिय स्तरमा खेलकुद, साहित्य, विज्ञान, प्रविधि, समाजसेवा आदिमा ख्यातिप्राप्त व्यक्तिहरुको जीवनी माध्यमिक तहमा राखिएको हुन्छ। सुरुमा बुँदामा दिएका घटनाक्रमको निर्देशित रूपमा जीवनी लेखन पश्चात् समाजको कुनै प्रसिद्ध व्यक्तित्वको स्वतन्त्र रूपमा जीवनी लेखनको कार्यकलाप गर्नु पर्दछ। यसबाट सामान्य खोज गरी शृङ्खलाबद्ध रूपमा जीवनी लेखन कलाको विकासमा सघाउ पुग्दछ।

**कविता लेखन** : कुनै पनि विषय वस्तुको गद्यात्मक र पद्यात्मक साङ्गीतिक अभिव्यक्ति कविता हो। कविताको लेखनबाट विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास हुन्छ। भावात्मक कुरालाई लयात्मक शैली शिल्पमा जोडेर प्रस्तुत गरिने काव्य सृजना कविता भएकाले यसमा लेखनको उच्चता नितान्त आवश्यक हुन्छ (पोखरेल, काफ्ले र दाहाल, २०६९, पृ. १५२)। माध्यमिक तहका विद्यार्थीहरुलाई सरल र देशभक्ति पूर्ण कविताहरु लेख्न लगाएर कक्षाकोठामा प्रस्तुत गर्न लगाउन सकिन्छ। आवश्यक मूल्याङ्कन र पृष्ठपोषण दिई विद्यार्थीहरुको कविता लेखन सिपलाई विकास गराउन सकिन्छ।

**समीक्षा लेखन** : सिर्जनात्मक लेखनको यो उच्चस्तरीय लेखनभित्र पर्ने कार्यकलाप हो। कुनै कृतिको अवलोकन गरी त्यसको विभिन्न कोणबाट चिनारी दिँदै गुण, दोष आदिको विवेचना गर्न' नै समीक्षा हो (शर्मा र पौडेल, २०६७, पृ. १८७)। माध्यमिक तहका विद्यार्थीहरुमा यस लेखनलाई प्रौढ लेखनका रूपमा चिनाउन सकिन्छ। सिर्जनात्मक लेखन र प्राज्ञिक लेखनका केही अंशहरु यस समीक्षा लेखन कार्यकलापमा पाउन सकिन्छ।

माध्यमिक तहमा माथिका कार्यकलाप बाहेक अन्य लेखन सम्बन्धी कार्यकलापहरु पनि आवश्यकता अनुसार गर्न सकिन्छ। लेखन अभ्यासलाई प्रेरक र उत्साहप्रद बनाउन अङ्क दिने, गल्ती निर्देश गरिदिने, सच्याइ दिने, कक्षामा व्यक्तिगत र सामूहिक रूपमा टिप्पणी गरेर पृष्ठपोषण दिने, सर्वोत्कृष्ट लेखनलाई पुरस्कृत गर्ने जस्ता कुरामा ध्यान दिएर लेखन कार्यकलापहरु गराएमा माध्यमिक तहमा लेखन कला समुचित रूपमा विकास गराउन सकिन्छ।

## निष्कर्ष

लेखन कलाको विकासमा विद्यालयका शिक्षकहरुको महत्त्वपूर्ण भूमिका हुन्छ। विद्यार्थीको सतर अनुसारको लेखन कार्यकलापमा संलग्न गराउने प्रेरक व्यक्ति नै शिक्षक हुन्। माथिका प्रारम्भिक कार्यकलाप र उत्तरवर्ती कार्यकलापलाई समुचित रूपमा शिक्षकले उपयोग गराएमा माध्यमिक तहका विद्यार्थीहरुको लेखन कला विकासमा महत्त्वपूर्ण सहयोग पुग्दछ। माध्यमिक तहका विद्यार्थीहरुमा लेखन अभिव्यक्तिमा देखिने विचार सङ्गठन वा प्रस्तुतिगत कमजोरी, वाक्य संरचनागत कमजोरी, शब्द प्रयोगगत कमजोरी, अनुच्छेद गठन सम्बन्धी कमजोरी, वर्णविन्यासगत कमजोरी, अक्षर सफाइगत कमजोरी जस्ता कमजोरीहरु पत्ता लगाई सुधार गराउनु पर्दछ। यसका लागि भाषिक कमजोरीको पहिचान गरी उपयुक्त सामग्रीको निर्माण र प्रयोग गरी निराकरणात्मक अभ्यास मार्फत यस्ता कमजोरीहरुको समाधान गर्नु पर्दछ।

लेखन सिपमा देखिएका कमजोरी न्यूनीकरण गर्नका लागि विद्यार्थीहरुले लिखित रूपमा गरेको अभिव्यक्तिलाई आवश्यक मूल्याङ्कन गरी उपयुक्त तरिकाले अङ्क दिने, गल्तीको निर्देश गर्ने, आवश्यक ठाउँमा सच्याइ दिने, छलफल र प्रश्नोत्तर गरी सही समाधान दिने, सामूहिक र व्यक्तिगत

रूपमा टिप्पणी गरी सुझाव दिनु उपयुक्त हुन्छ । यसका साथै लेखन कार्यको प्रतियोगितात्मक प्रतियोगिताहरु सञ्चालन गरी कक्षाकोठामै वा अतिरिक्त कार्यकलाप सञ्चालन गरेर पुरस्कृत गर्न सकिन्छ। यसबाट माध्यमिक तहका विद्यार्थीहरुका लेखन सिप अभिवृद्धिमा प्रशस्त सहयोग पुग्दछ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०६७), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौं संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०६७), *सामान्य भाषा विज्ञान,* काठमाडौँ : वाङ्मय प्रकाशन गृह ।

गौतम, देवी प्रसाद र चौलागाईं, प्रेम प्रसाद (२०७०) (दोस्रो सं.), *भाषा विज्ञान,* काठमाडौँ : पाठ्य सामाग्री पसल ।

ढकाल, शान्ति प्रसाद (२०६२), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : मन कामना बुक्स एन्ड स्टेसनरी ।

ढकाल, शान्ति प्रसाद र खतिवडा, तीर्थराज (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभ कामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्य-सिद्धान्तः शोध तथा सृजन विधि,* काठमाडौं : पाठ्य सामग्री पसल ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०६७), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, केशव राज, काफ्ले, उमेश र दाहाल, द्रोणराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

बन्धु, चूडामणि (२०७३), *भाषा विज्ञान* (नवौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारस मणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहन राज र लुइटेल, खगेन्द्र प्रसाद (२०६०), *आधुनिक भाषा विज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।